कार्यपालिका बैठकका निर्णयहरुः-

**निर्णय नं. १ :** सन्धिखर्क नगरपालिकाको **उपभोक्ता समिति दर्ता तथा व्यवस्थापन सम्बन्धी कार्यविधी,२०८३ स्वीकृत गर्ने ।**

**निर्णय नं. २ : कोल्ड स्टोर संचालन सम्बन्धी कार्यविधी,२०८३** स्वीकृत गर्ने ।

**निर्णय नं. ३ सन्धिखर्क नगरपालिकाको घर अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०७९ (दोस्रो संशोधन)** स्वीकृत गर्ने ।

**निर्णय नं. ४ :** सन्धिखर्क नगरपालिका वडा नं ९ अर्घामैदान तथा मसुरपाटाक्षेत्रमा कोजाग्रात पूर्णीमा दिन परापूर्वकाल देखि लाग्ने मेला तथा सराय नाचको साथै चाडपर्वलाई लक्षित गर्दै स्थानीय कला र संस्कृति संरक्षण, पर्यटन प्रवर्द्धन तथा सर्वसाधारणको मनोरञ्जनलाई दृष्टिगत गरी पिङ, रोटेपिङ, बाल मनोरञ्जनका खेल तथा स्वीकृत अन्य मनोरञ्जनात्मक खेल सञ्चालन गर्न इच्छुक **सांस्कृतिक मेला महोत्सव तथा बालउद्यान संचालन केन्द्र प्रा.ली.,काठमाण्डौलाई** नगरपालिकाले तोकेको स्थानमा प्रचलित कानून तथा तोकिएका सुरक्षा मापदण्डको अधीनमा रही सम्झौतामा उल्लेखित शर्तहरुको पालना गर्ने गरी मिति २०८३/०६/३० देखि २०८३/०७/१० गते सम्मको लागि **पर्यटन तथा संस्कृति प्रवर्द्धन गर्न अर्घा दशैमेला** सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

**निर्णय नं. ५ :** सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०८३/०३/०८ गतेको बैंठकको निर्णयबाट नगरपालिका अन्तगर्तका विद्यालयहरुमा कार्यरत विद्यालय लेखापाल, बालविकास सहजकर्ता, सिकाईकेन्द्र परिचालिका र कार्यालय सहयोगीहरुको पारिश्रमिक पुनरावलोकन गर्ने।

**निर्णय नं. ६ :** सन्धिखर्क नगरपालिका नगर कार्यपालिका कार्यालय अन्तर्गत शिक्षा युवा तथा खेलकूद शाखा मार्फत आर्थिक वर्ष २०८३/०८४ भित्र तपसिल बमोजिमका कार्यविधीहरु तयार गर्ने ।

तपसिल

१. प्र.अ. व्यवस्थापन सम्बन्धी कार्यविधी २०८३
२. निजी विद्यालयले प्रदान गर्ने छात्रवृत्ति सम्बन्धी कार्यविधी २०८३
३. विद्यालय नक्शांकन समायोजन तथा स्तर निर्धारण सम्बन्धी कार्यविधी २०८३
४. राष्ट्रपति रनिङशिल्ड संचालन व्यवस्थापन सम्बन्धी कार्यविधी २०८३

निर्णय प्रमाणित गरिएको